**पाँचौं नगर सभाबाट पारित विविध अनुमोदन निर्णयहरु :**

१. चालु आ.व. को विभिन्न कार्यक्रम र शिर्षकबाट बचत हुन आउने रकमबाट दुबै तर्फ नाला भएका सडक मध्ये सि.न.पा. वडा नं.३,४ र ९ का अमरपथ, हरियालीपथ, समावेशीपथमा वेश, सबवेस गर्ने कार्यका लागि रु. १३,०७,२३१।८८ (तेह्रलाख सातहजार दुईसय एक्तीस पैसा अठासी)

२. बुद्धचोक देखि आंखा अस्पताल हुदै डण्डा पुल सम्म बुद्ध मुर्ति व्यवस्थापनका लागि रकम रु. २०,००,०००।- (बिस लाख)

३. वडा नं. १ स्थित डण्डानदी नजिक निर्माणाधिन पर्यटकिय गेट, वडा नं. ५ स्थित हाटबजारमा निर्माणाधिन कृषि सामुदायिक भवन, सि.न.पा.३ दरखसवामा निर्माणाधिन पार्कलाई बहुवर्षिय आयोजनाको रुपमा संचालन गर्ने ।

४. आ.व. २०७५।०७६ का लागि स्वीकृत बजेट योजना तथा कार्यक्रम अन्तरगत सि.न.पा. वडा नं. ९ स्थित गोदार इन्जिनियरिङ्ग पछाडी छर्रि, गिट्टी तथा माटो खसाल्ने कार्यको सट्टा गायत्री पथमा नाला तथा ग्राभेल गर्ने कार्य, सि.न.पा. वडा नं.९ स्थित गोलीगढ देखि सानो दुमदुमवा जाने बाटोको पुर्व उत्तर छर्रि गिट्टी तथा माटो खसाल्ने कार्यका लागि विनियोजित रकमबाट सडक ग्राभेलका साथै सोही स्थानमा रहेको नाला निर्माण गर्ने कार्य, सि.न.पा. वडा नं. ५ स्थित गणपति पथमा पर्खाल भत्काई बाटो फराकिलो पार्ने कार्यको सट्टा कारणीमाई मन्दिरमा प्रवेशद्धार निर्माण गर्ने कार्य, सि.न.पा. वडा नं.५ स्थित भैरहवा उच्च मा.वि.मा शौचालय निर्माण गर्ने कार्यको सट्टा सि.न.पा. वडा समितिको कार्यालय परिसरमा पि.सी.सी. तथा आर. सी.सी. गर्ने, सि.न.पा.वडा नं.१२ स्थित स्वर्गद्धारी घाटमा शवदाहगृहको छत ढलान कार्यको सट्टा सोही स्थानमा पर्खाल लगाउने कार्य, वडा नं. १२ स्थित जनतापथ पश्चिम शुशिल कुंवरको घरसम्म सडक ग्राभेल गर्ने कार्यको सट्टा सोही स्थानमा एकतर्फी नाला निर्माण गर्ने ।

५. आ.व. २०७५।०७६ का लागि स्वीकृत बजेट योजना तथा कार्यक्रम अन्तरगत सि.न.पा. वडा नं. १३ स्थित श्री सुसंस्कृत मा.वि. शान्तीनगरको भवन निर्माणका लागि रु. २,५०,०००।- र वडा नं. १३ स्थित मालटोलमा रहेको राधाकृष्ण मन्दिरको भवन निर्माणका लागि रु. १,००,०००।- विनियोजन गर्ने ।

६. चालु आ.व. २०७५।०७६ मा विनियोजित रकमबाट क्षेत्रीय शहरी विकास आयोजनामा नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने रकम (समपुरक कोषमा) अपुग भई निकासामा समस्या हुन गएको हुंदा अपुग हुने रकम रु. ३,७७,००,०००।- तीनकरोड सतहत्तरलाख गत र चालु आ.व. मा खर्च नभई विभिन्न शिर्षकमा बचत हुन आउने रकमबाट व्यहोर्ने गरी कार्यक्रम संशोधन गर्ने ।

७. एसियाली विकास बैंकबाट आयोजना समन्वय कार्यालय मार्फत पंगौडा पुन निर्माणका लागि सिफारिश मांग भै आएकोमा यस नगरसभाबाट सि.न.पा. वडा नं. ९ स्थित गोनहिया सडक निर्माण भै सकेको र सोही सडकमा पर्ने पंगौडा पुल निर्माण नहुनाले पुर्व तर्फ रहेको जापानी जनताको सहयोगमा निर्माण भएको स्कुलका विद्यार्थीहरु र अटो भिलेज (गाडीहरु मर्मत गर्ने वर्कसप) मा मर्मतका लागि आउने सवारी साधनहरुलाई आवागमनमा ठुलो कठिनाई भोग्नु पर्ने

र अन्य नगरवासीलाई पनि यातायातमा असहज भएको हुंदा उक्त पुल निर्माण गरी दिनु हुन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

८. नगरपालिकामा प्राप्त हुने विज्ञापन तथा मनोरन्जन करको रकम छुट्टै विभाज्य कोष खाता खोली जम्मा गरी नियमानुसार ४०% प्रदेश सरकारलाई तथा ६०% नगरपालिकाको संचित कोषमा दाखिला गर्नु पर्नेमा चालु वर्षमा उक्त दुबै शिर्षकमा उठेको रकम नगरपालिकाको संचित कोष खातामा जम्मा गरिएकाले सो शिर्षकहरुमा उठेको कुल रकमको ४०% हुन आउने रकम संचित कोष खाताबाट विभाज्य कोष खातामा जम्मा गरी उक्त रकम प्रदेश सरकारको नाममा निकासा दिएको अनुमोदन गरियो ।

१३. सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अन्तिम लेखा परिक्षण प्रतिवेदन बारे नगर सभामा जानकारी भयो । प्रतिवेदनमा दिईएका सुझाव, बेरुजु, नियमित गर्नु पर्ने विषयका सम्बन्धमा यथाशिघ्र कारवाही अघि बढाउन, बेरुजु रकम फर्छ्यौट गर्न, नियमित गर्नु पर्ने नियमित गर्न तथा अन्य सल्लाह सुझाव अनुसार नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

९ .न्यायीक समितिका संयोजक उप प्रमुख श्री उमा काफ्ले द्धारा प्रस्तुत न्यायीक समितिको प्रतिवेदन यस सभालाई जानकारी भयो ।

१०. विभिन्न महाशाखा, शाखा, उपशाखा, इकाईले गर्नु पर्ने कार्य विवरण सहित कर्मचारी दरवन्दी विवरण पाना १ तथा संगठन संरचना पाना १ पारित गर्ने निर्णय गरियो ।

११. सिद्धार्थनगर नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको आर्थिक वर्ष २०७६।०७७ को लागि देहायका विवरण पाना १० अनुसार तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

१२. सिद्धार्थनगर नगरपालिका कार्यालयको चालु आर्थिक वर्ष २०७५।०७६ को जेष्ठ मसान्त सम्मको आम्दानी तथा विभिन्न शिर्षकमा भएको खर्च एवं न.पा. द्धारा विभिन्न संघ संस्था आदिलाई दिएको अनुदान अनुमोदन गरियो ।

१४. नगर कार्यपालिका बैठकबाट विभिन्न मितिमा भए, गरेका निर्णयहरु अनुमोदन गरियो ।

१५. नगर सभाबाट भएका निर्णयहरुलाई थप प्रष्ट पार्नु परेमा नगर प्रमुखबाट र विषयगत र लक्षित तर्फको रकमलाई विभाजन गर्नु पर्ने भएमा कार्यपालिका बैठकको निर्णयानुसार गर्ने ।